# शिवपुरी गाउँपालिका
## शेरावगर, नुवाकोट


# स्थानीय राजपत्र


| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः३० | मितिः२०८०/१२/१३ |


## भाग – २

विद्यालय शिक्षा क्षेत्र कार्यक्रमको अवधारणा तथा नेपाल सरकारबाट जारी निर्देशन बमोजिम शिवपुरी गाउँपालिका क्षेत्र भित्र सञ्चालित बाल कक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकुल बनाउँदै उपलब्ध साधन स्रोतको समुचित वितरण र अधिकतम् उपयोग गर्नका लागि दुई वा सो भन्दा बढी विद्यालयलाई एउटै विद्यालयमा गाभी विद्यालय समायोजन गर्न र विद्यालयमा मौजुदा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गरी दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित ,पारदर्शी र न्यायमूलक बनाउन शिवपुरी गाउँपालिकाको गाउँ  कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८०

**प्रस्तावनाः**

विद्यालय शिक्षा क्षेत्र कार्यक्रमको अवधारणा तथा नेपाल सरकारबाट जारी निर्देशन बमोजिम शिवपुरी गाउँपालिका क्षेत्र भित्र सञ्चालित बाल कक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकुल बनाउँदै उपलब्ध साधन स्रोतको समुचित वितरण र अधिकतम् उपयोग गर्नका लागि दुई वा सो भन्दा बढी विद्यालयलाई एउटै विद्यालयमा गाभी विद्यालय समायोजन गर्न र विद्यालयमा मौजुदा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गरी दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित ,पारदर्शी र न्यायमूलक बनाउन आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को खण्ड ज ले दिएको अधिकार प्रयोग गरी शिवपुरी गाउँ कार्यपालिकाको मिति २०८०/१२/१३ को निर्णयले ले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम "**विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८०**" रहेको छ।

ख. यो कार्यविधि शिवपुरी गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :**

क. मन्त्रालय भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्दछ ।

ख. केन्द्र भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्दछ ।

ग. ऐन भन्नाले शिक्षा ऐन २०२८ सम्झनुपर्दछ ।

घ. गाउँ शिक्षा ऐन भन्नाले शिवपुरी गाउँ शिक्षा ऐन,२०७६(संशोधन सहित) सम्झनुपर्दछ।

ङ. नियमावली भन्नाले शिक्षा नियमावली २०५९(संशोधन सहित) सम्झनुपर्दछ ।

च. शिक्षा समिति भन्नाले शिवपुरी गाउँ शिक्षा समिति सम्झनुपर्दछ ।

छ. विद्यालय समायोजन भन्नाले दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई सम्झनुपर्दछ ।

ज. गाउँपालिका भन्नाले शिवपुरी गाउँपालिका सम्झनुपर्दछ ।

झ. शाखा भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

ञ. दरबन्दी मिलान भन्नाले तोकिएको मापदण्ड बमोजिम कुनै विद्यालयको दरबन्दी कट्टा गर्ने ,कुनै विद्यालयमा थप गर्ने र शिक्षकको व्यवस्थापन गर्ने समेतको कार्यलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

**२.१ विद्यालय समायोजन गर्ने प्रकृया :**

२.१.१. यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय अर्को विद्यालयसँग नजिकको दुरीमा रहेर सीमित जनसंख्यालाई सेवा पुर्याईरहेका तर विद्यालय सञ्चालनका लागि विद्यार्थी संख्या लगायतका न्यूनतम् शर्त नपुगेका र पुग्ने सम्भावना समेत नदेखिएका विद्यालयलाई नजिकको विद्यालयमा गाभी सञ्चालनमा ल्याईनेछ ।

२.१.२.यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये विद्यार्थी संख्या लगायतका न्यूनतम् शर्त नपुगेका र पुग्ने सम्भावना समेत नदेखिएका तहको हकमा त्यस्ता विद्यालयको तह घटुवा गर्न सकिनेछ ।

२.१.३. यो व्यवस्था बाल विकास केन्द्रहरुको हकमा पनि लागू गर्न सकिनेछ ।

२.१.४. विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यको लागि शिक्षा समितिले कार्यदल गठन गर्न सक्नेछ ।

**२.२. विद्यालय समायोजनका आधारहरु :**

२.२.१. दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको ।

२.२.२. दुई वा सो भन्दा बढी विद्यालयको पैदल दुरी समय सामान्यतया ३० मिनेट भन्दा कम रहेको ।

२.२.३.कुनै विद्यालयको तपसिलको तहमा तपसिल बमोजिम विद्यार्थी संख्या कायम नरहेमा र भविश्यमा पनि उक्त संख्या कायम हुनसक्ने विश्वसनीय आधार नदेखिएमा ।

| **क्र सं** | **कक्षा** | **न्यूनतम् विद्यार्थी संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | बाल | ४ | |
| २ | १-३ | १२ | |
| ३ | १-५ | २० | |
| ४ | ६-८ | १८ | |
| ५ | ९-१० | १६ | |
| ६ | ११-१२ | २० | |

२.२.४. विद्यालय समायोजन तथा दरबन्दी मिलान प्रयोजनको लागि सम्बन्धित शैक्षिक सत्रको अद्ध्यावधिक तथ्यांक(IEMIS)लाई आवश्यक्तानुसार सत्यापन गरी उपयोग गरिनेछ ।

२.२.५. दफा २.२.२. र २.२.३. मा जे सुकै उल्लेख भएता पनि भौगोलिक विकटताको कारण एक विद्यालय र अर्को विद्यालय बीचको समय दुरी र विद्यार्थी संख्याको अवस्था समेतलाई बिचार गरी औचित्यको आधारमा शिक्षा समिति/कार्यपालिकाले आवश्यक ठानेमा त्यस्ता विद्यालय/तह कायमै राख्न सक्नेछ।

२.२.६. एक आपसमा नजिक दुरी रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहाने विद्यालयहरुलाई दुबै विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडाको सिफारिस समेतको आधारमा एक आपसमा गाभी उपयुक्त हैसियतमा सञ्चालन गर्न दिन सकिनेछ।

२.१.४ तोकिए भन्दा कम विद्यार्थी संख्या भएको तर भविष्यमा बढ्न सक्ने अवस्था देखिएमा तत्कालका लागि विद्यालय समायोजनको सट्टा कक्षा घटाइनेछ।

२.२.७.दुई वा दुई भन्दा बढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न वा तह वा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय र वडाको रायमा गाउँ शिक्षा समितिले तोकिएको ठाउँमा विद्यालय स्थापना गर्न वा कक्षा तथा तह घटाउन सक्नेछ ।

२.२.८.विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा सम्पत्ति हस्तान्तरण हुनेछ।जग्गाको हकमा सम्बन्धित निकायमा गाउँपालिकाले सिफारिस गर्नेछ ।

२.२.९.समायोजित विद्यालयका शिक्षक,विद्यालय कर्मचारी र बाल बिकास केन्द्रका सहजकर्ताहरुको व्यवस्थापन सम्बन्धमा तोकिएको मापदण्डका आधारमा अन्य विद्यालयमा खटाउने अधिकार गाउँ शिक्षा समिति/कार्यपालिकामा रहनेछ ।साथै उक्त पद पुलमा राखिनेछ ।

## परिच्छेद-३
## दरबन्दी मिलान सम्न्धी व्यवस्था

**३.१. दरबन्दी मिलानका आधारहरु :**

३.१.१. दरबन्दी मिलान प्रयोजनको लागि सम्बन्धित शैक्षिक सत्र २०८० को अद्ध्यावधिक तथ्यांक(IEMIS)लाई आवश्यक्तानुसार सत्यापन गरी उपयोग गरिनेछ ।

३.१.२. दरबन्दी मिलानका लागि तहगत शिक्षकहरु(स्वीकृत दरबन्दी,राहत दरबन्दी र उ मा वि दरबन्दी र उ मा वि अनुदान समेत)लाई कुल शिक्षकमा गणना गरी शिक्षक विद्यार्थी अनुपात कायम गरिनेछ ।

३.१.३. दरबन्दी मिलान गर्दा कक्षा ६-८ र ९-१० मा यथासम्भव न्यूनतम् अनिवार्य विषय शिक्षकको व्यवस्था हुने गरी मिलान गरिनेछ ।सो हुन नसकेमा त्यस्ता विद्यालयहरुमा तल्लो तहका दरबन्दीहरु समेत क्षतिपूर्ति वापत थप गर्न बाधा पुग्ने छैन ।

३.१.४. माथिल्लो तह सञ्चालित विद्यालयमा तल्लो तहमा तोकिएको संख्या नपुगेमा पनि तल्लो तहको दरबन्दी यथावत राखिनेछ।

३.१.५. सबै तहमा न्यूनतम् दरबन्दी कायम गरिसकेपछि बढी हुन आउने दरबन्दी जगेडामा राखी शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुमा अनुपातका आधारमा वितरण गरिनेछ ।

३.१.६. नपुग दरबन्दीको हकमा गाउँकार्यपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्था गर्न सक्नेछ ।

३.१.७. दरबन्दी मिलान गर्दा तपसिल बमोजिमको विद्यार्थी संख्यालाई आधार मानिनेछ ।

| क्र.सं | विद्यालयको किसिम | विद्यार्थी संख्या | कायम गरिने न्यूनतम् शिक्षक दरबन्दी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | कक्षा १-३ सञ्चालित | १२-३१ | २ |
| | कक्षा १-३ सञ्चालित | ३१-५० | ३ |
| | कक्षा १-३ सञ्चालित | ५० भन्दा बढी | प्रति ३० जना विद्यार्थी बराबर एक शिक्षक थप |
| २ | कक्षा १-५ सञ्चालित | २०-४० | ३ |
| | कक्षा १-५ सञ्चालित | ४१-९० | ४ |
| | कक्षा १-५ सञ्चालित | ९० भन्दा बढी | प्रति ३० जना विद्यार्थी बराबर एक शिक्षक थप |
| ३ | कक्षा ६-८ सञ्चालित | १८-४० | ३ |
| | कक्षा ६-८ सञ्चालित | ४१-८० | ४ |
| | कक्षा ६-८ सञ्चालित | ८१-१०० | प्रति ३० जना विद्यार्थी बराबर एक शिक्षक थप |
| ४ | कक्षा ९-१० सञ्चालित | १६-४० सम्म | ४ |
| | कक्षा ९-१० सञ्चालित | ४१-९० | ५ |
| | कक्षा ९-१० सञ्चालित | ९१ भन्दा बढी | प्रति ३० जना विद्यार्थी बराबर एक शिक्षक थप |
| ५ | कक्षा ११-१२ सञ्चालित | २० सम्म | २ |
| | कक्षा ११-१२ सञ्चालित | २१-६० | ३ |
| | कक्षा ११-१२ सञ्चालित | ६१ भन्दा बढी | प्रति ३० जना विद्यार्थी बराबर एक शिक्षक थप |

३.१.७. भौगोलिक बिकटताको कारण समायोजन हुन नसकेका विद्यालयहरुको शिक्षक दरबन्दी कायम गर्दा ३.१.६.कै आधारमा कायम गरिनेछ।

**३.२. शिक्षक व्यवस्थापनका आधारहरु:**

३.२.१. तोकिएको आधारहरुमा दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दी वा अनुदान कोटालाई गाउँ शिक्षा समितिको जगेडामा राखी निर्धारित मापदण्ड बमोजिम दरबन्दी थप हुने विद्यालयमा खटाईनेछ ।

३.२.२. शिक्षक व्यवस्थापन गर्दा विद्यालयमा रिक्त दरबन्दी र नियुक्तिको कनिष्ठताको आधारमा शिक्षक कटौती गरी पुलमा राखी अन्यत्र खटाईनेछ ।

३.२.३. दफा३.२.२.मा जे सुकै लेखिएको भएता पनि अपाङ्गता भएका शिक्षकलाई भने यथासम्भव अपायक नहुने गरी र विषयगत रुपमा उच्च योग्यता भएका शिक्षकलाई माथिल्लो तह सञ्चालित विद्यालयमा व्यवस्थापन गर्न प्राथमिकता दिईनेछ ।

३.२.४. शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्य अनुरुप लामो समयसम्म एउटै विद्यालयमा मात्र कार्यरत रहेका वा अन्य विद्यालयमा जान चाहाना गरेका वा अपेक्षाकृत नतिजा हासिल गराउन पछि परेका शिक्षकलाई नीजलाई भरसक अपायक नहुने गरी आसपासका विद्यालयमा कामकाजमा सरुवा गर्न आवश्यकता अनुसार सम्बन्धित विद्यालयको व्यवस्थापन समिति, वडा कार्य समिति वा गाउँ शिक्षा समिति वा कार्यपालिकाको समन्वयमा कामकाजमा अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ।

## परिच्छेद-४
## विविध

४.१. शिक्षक स्थानान्तरण भएको विद्यालयमा जानु पर्ने:यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुन जानुपर्नेछ ।

४.२. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने :दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भै आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

४.३. प्रधानाध्यापक जिम्मेवार हुने : यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भै आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भै जाने शिक्षकलाई रमाना पत्र दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

४.४. समन्वय तथा सहजिकरण गर्ने कर्तब्य हुने : विद्यालय समायोजन,दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धित वडाहरुले आवश्यक समन्वय तथा सहयोग गर्नु कर्तब्य हुनेछ।

४.५. समन्वय तथा सहयोग गर्नुपर्ने : नेपाल शिक्षक महासंघ तथा शिक्षकका पेशागत संघ संगठनहरुले विद्यालय समायोजन,दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको सम्बन्धी कार्यमा आवश्यक समन्वय तथा सहयोग गर्नु पर्नेछ ।

४.६. आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था : जनसांख्यिक अवस्था तथा विद्यार्थी भर्नामा आएको बदलावका कारण दरबन्दी मिलान सम्बन्धी कार्य सालबसाली रुपमा गर्नु आवश्यक देखिएमा शैक्षिक सत्र शुरु हुनु अगावै उक्त कार्य सम्पन्न गर्नुपर्नेछ । तर यो पटकलाई भने शैक्षिक सत्रको बीचमा भएको दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

४.७. जानकारी दिनुपर्ने : विद्यालय समायोजन तथा दरबन्दी मिलान भएपछि सो को जानकारी शाखाले सम्बन्धित ब्यक्ति,विद्यालय तथा निकायहरुलाई दिनुपर्नेछ ।

४.८. बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

४.९. कार्यविधिमा संशोधन : यो कार्यविधिमा आवश्यक्ता र औचित्यको आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

४.१०. अधिकार प्रत्यायोजन: यो कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आईपरेमा यो कार्यविधिको प्रतिकुल नहुने गरी बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**